कृष्णनगर नगरपालिका

# विद्यालय तथा परिवार भित्र बालबालिकामा अनुशासन कायम गर्न सकारात्मक उपाय अवलम्बन गर्ने निर्देशिका– २०७९

**पृष्ठभुमिः**

बालबालिकाको अधिकार सुनिश्चित गर्ने सम्बन्धमा नेपालले विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूलाई अनुमोदन गर्नुका साथै राष्ट्रिय स्तरमा विभिन्न नीति तथा कानूनहरू तर्जुमा गरी सम्बोधन गर्ने प्रयास गरे अनुरूप स्थानीय तहको सरकारले पनि समाजमा बालबालिका विरूद्ध लक्षित विभिन्न प्रकारका दूव्र्यवहार, शोषण, हिंसा, भेदभाव, उपेक्षाका घटनाहरू निर्मूल पार्न नीति रणनीतिहरू तर्जुमा गरी सोही अनुसार कार्यक्रम सञ्चालन गर्न जरूरी छ। यसै सन्दर्भमा संघीय संरचना अन्तर्गत कृष्णनगर नगरपालिकाले आफ्नो क्षेत्रमा दिगो रूपमा बाल संरक्षण प्रणालीको विकास तथा सुदृढीकरण गरी बालमैत्री नगरपालिका बनाउन र बालबालिका माथि हुने हिंसा निवारण गरी हिंसा मुक्त नगरपालिका बनाउन प्रतिबध्द छ। यस नगरपालिकाले बालबालिका विरूध्दका दूव्र्यवहार, शोषण, हिंसा, भेदभाव, उपेक्षाका घटनाहरूप्रति शून्य सहनशीलता राखी सम्बोधन गर्नुपर्ने आवश्यकता महशुस गरी नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार क्षेत्र भित्र रही यो बालबालिकामा अनुशासन कायम गर्न सकारात्मक उपाय अवलम्बन गर्नेनिर्देशिका २०७९ बनाई लागू गरेकोछ।

**वर्तमान सन्दर्भः**

कृष्णनगर नगरपालिका क्षेत्रका विभिन्न समुदायमा बाल श्रम, उमेर नंपुग्दै गरिने विवाह, बाल विवाह, दाइजो, जन्मदर्ता, नागरिकताको प्रमाणपत्र, आदी समस्याहरू जल्दोबल्दो रूपमा रहेको छ।लागू औषध दूव्र्यसनी बालबालिका, मगन्ते बालबालिका, फिरन्ते परिवारका बालबालिकाको समस्या पनि धेरै मात्रामा रहेको पाइन्छ। दाइजो प्रथाका कारण सानैमा विवाह हुने समस्या नगरपालिकाका विभिन्न समुदायमा कायमै छ। साथै समयमै बालबालिकाको जन्मदर्ता नहुने, बाल कुपोषण, विद्यालय छाड्ने बालबालिका, संरक्षकत्ववाट वंचित बालबालिका, पनि समस्याको रूपमा रहेकोछ। परिवार, समुदाय र विद्यालयमा बालबालिका माथि गरिने गाली गलौज र कुटपिटको नियन्त्रण हुन सकेको छैन। पारिवारीक बिखण्डनका कारणले अलपत्रमा परेका बालबालिकाहरु समेत हिंसामा पर्ने गरेकाछन्।

यस्तै सन्दर्भमा बालबालिका माथि हुने हिंसालाई कम गर्न परिवार, समुदाय तथा बिद्यालयहरुमा अनुशासनका नाममा बालबालिका माथि भई रहेको नकारात्मक ब्यवहारहरुलाई रोक्न यस कृष्णनगर नगरपालिकाले यो निर्देशिका बनाई लागू गरेको छ।

१) यो निर्देशिकाको नाम "विद्यालय तथा परिवार भित्र बालबालिकामा अनुशासन कायम गर्नसकारात्मकउपाय अवलम्बन गर्ने निर्देशिका, २०७९" हुनेछ।

२) यो निर्देशिका कृष्णनगर नगरपालिकाको नगरसभाबाट पारित भएको दिन देखि लागू हुनेछ।

३) यो निर्देशिका नगरसभाबाट पारित भएपछि कृष्णनगर नगरपालिका र यस नगरपालिका मातहतका सबै समुदाय र बिद्यालयहरुमा मान्य हुनेछ।

४) "विद्यालय तथा परिवार भित्र बालबालिकामा अनुशासन कायम गर्न सकारात्मकउपाय अवलम्बन गर्नुपर्ने कुराहरुः

क) **सर्बोत्तम हितः** (१) विद्यालय तथा परिवारका सदस्यहरुले बालबालिकाको सर्वोत्तम हितलाई पूर्ण रूपमा ध्यान दिनुपर्नेछ।

इजोत प्रताप शाह
नगर प्रमुख

(२) विद्यालय तथा घरपरिवारले बालबालिकाको आवश्यकतालाई महत्व दिने ब्यवहार अपनाई कामहरु गर्नुपर्नेछ ।

(३) विद्यालय तथा घरपरिवारले बालबालिकालाई कुनैपनि बहानामा शारीरिक मानसिक यातना तथा कुटपिट गर्न पाउने छैनन् ।

ख) **अबिभेदः** (१) विद्यालय तथा परिवारका सदस्यहरुले कुनैपनि बालबालिकासंग जातजाति, लिङ्ग, वर्ण, धर्म, भाषा, सम्प्रदाय, आर्थिक, सामाजिक, शारीरिक स्थिति वा भौगोलिक अवस्थितिका आधारमा भेदभाव गर्न पाउने छैन ।

(२) विद्यालय तथा घरपरिवारले बालबालिकालाई कुनै पनि कुरालाई लिएर प्रताडित तथा अपमानित गर्न पाउने छैनन् ।

ग) **शुन्य सहनशिलताः** (१) विद्यालय तथा परिवारका सदस्यहरुले कुनैपनि बालबालिका माथि बाल दूव्र्यवहार, शोषण, हिंसा र उपेक्षाका कारण हुने कुनै पनि प्रकारका हानी र जोखिमी एवं लैङ्गिक हिंसाका घटनाहरूमा शून्य सहनशीलताको सिद्धान्तलाई अपनाउनु पर्नेछ ।

घ) **गोपनियताः** (१) विद्यालय तथा परिवारका सदस्यहरुले बालबालिकासंग सम्बन्धित सकारात्मक परिणाम दिने सुचना बाहेक बालबालिकाको अन्य सुचनाहरुमा गोपनियताको मापदण्डको कडाईका साथ पालन गर्नुपर्नेछ ।

ङ) **सहभागिताः** (१) आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफुलाई असर पार्ने बिषयमा विद्यालय तथा परिवारका सदस्यहरुले घरेलु तथा सामाजिक कृयाकलापहरुमा सहभागी गराउनु पर्नेछ ।

(२) विद्यालयहरुले बालबालिकाको सरोकारका बिषयको निर्णयहरुमा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्नेछ ।

(३) बालबालिकाको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गरी बिद्यालयहरु र घरपरिवारले बालबालिकालाई बाल संरक्षणको सवालहरू प्रति संवेदनशील बनाउने गरी सामाजिक क्रियाकलापहरूको पहिचान र संचालनमा जोड दिनु पर्नेछ ।

५) यस नगरपालिका व्दारा नगरपालिका क्षेत्रका सबै बिद्यालयलाई यो निर्देशिकाको परिपालना गर्न प्रतिबध्द गराइनेछ र घरपरिवारलाई सचेतना मार्फत जानकारी गराइनेछ ।

६) नगरपालिका क्षेत्रमा निर्माण हुने सरकारी, सार्वजनिक एवं सामुदायिक पूर्वाधारहरूलाई बाल मैत्री बनाउन सरोकारवाला सरकारी निकाय तथा सरकारी/सार्वजनिक विद्यालय, संघसंस्था, विकास साझेदारहरूहरू बीच समन्वय र सहकार्य गरिनेछ ।

७) यस निर्देशिकाको प्रतिवद्धता सहित पालना भए नभएको बारे नगरपालिकाद्वारा अनुगमन गर्ने पद्धतिको विकास समेत गरिनेछ ।

**८) बालबालिकामा अनुशासन कायम गर्न विद्यालयले अबलम्बन गर्नुपर्ने सकारात्मक उपायहरुः**

क) यस नगरपालिका क्षेत्रका प्रत्येक बिद्यालयले आफ्नो बिद्यालयमा कुनै पनि बालबालिका उपर अनुशासन कायम गर्ने बहानामा कुनैपनि प्रकारको शारीरिक वां मानसिक हिंसा नहुने/नगर्ने कुराको सुनिश्चितता गर्ने ।

ख) बिद्यालयलाई लठ्ठी रहित, कुटपित रहित, गालि रहित, भय एवं त्रास रहित बनाउन सम्बन्धित बिद्यालयका प्रधानाध्यापक र बिद्यालय व्यवस्थापन समितिका अध्यक्षले प्रभावकारी निगरानी गरी निर्देशन सहित पिडकपक्षलाई आवश्यक कार्यवाही गर्ने ।

ग) बिद्यालयलाई हिंसा रहित बनाउन बालबालिका उपरहुने हिंसा र दण्ड सजायका बारेमा बिद्यालय परिवारलाई सचेतिकरणका कामहरु यथाशिघ्र संचालन गर्ने ।

०६९/११/१४

रंजित प्रताप शाह
नगर प्रमुख

घ) बिद्यार्थीहरुमा अनुशासन कायमगर्न बेलाबेलामा बिद्यार्थी शिक्षक र अभिभावकहरु बीच छलफल एवं अन्तरक्रिया गर्ने ।

ङ) नाकारात्मक उपायहरु जस्तै; कुटपिट गालि वा अन्य शारीरिक वा मानसिक सजाय निरुत्साहन गर्न बिद्यालयका सम्पूर्ण शिक्षकहरुको प्रतिबध्दता लिने ।

च) बालबालिका उपर अनुशासन कायम गर्ने बहानामा नगरपालिका क्षेत्रभित्रका विद्यालयमा कुनै पनि प्रकारको शारीरिक वा मानसिक हिंसा भए नभएको बारेमा नगरपालिकाको शिक्षा शाखाले तदारुक्ताका साथ अनुगमन गर्ने ।

**९) बालबालिकामा अनुशासन कायम गर्न परिवारले अबलम्बन गर्नुपर्ने सकारात्मक उपायहरुः**

क) परिवारमा बालबालिकासंग कुराकानी गर्दा सकारात्मक शब्दको प्रयोग गर्ने ।

ख) समय निकालेर बालबालिकसंग सकारात्मक अनुशासनको बारेमा कुराकानी गर्ने ।

ग) आफ्ना बालबालिकाहरुको ब्यवहारको बारेमा बिद्यालय परिवारसंग निरन्तर छलफल गर्ने।

घ) आफ्ना बालबालिकाहरुको ब्यवहार परिवर्तनको लेखाजोखा राखि बिद्यालयसंग नियमित कुराकानी गर्ने ।

१०) **नैतिक जिम्मेवारी हुनेः** यस निर्देशिकामा लेखिएको र बालबालिकासंग सम्बन्धित कानूनमा लेखिएको कुराहरुको पालन गर्नुपर्ने सबै बिद्यालय, घरपरिवार तथा समुदायको नैतिक जिम्मेवारी हुनेछ ।

॥ समाप्त ॥

रजत प्रताप शाह
नगर प्रमुख